परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक ३२ २०७७ फाल्गुण २३ गते आईतवार Sunday 7, MAR, 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## "विराट गोल्डकप हाम्रो गौरव" नाराका साथ चैत २६ गते देखि सहिद रंङ्गशालामा

बिराटनगर । छैठौ संस्करणको विराट गोल्डकप फुटबल प्रतियोगिता "बिराट गोल्डकप हाम्रो गौरव" नाराका साथ चैत २६ गते देखि विहीवार देखि शुरु हुने भएको छ ।

प्रदेश नं. १ को राजधानी बिराटनगर महानगरपालिकामा रहेको सहिद रङ्गशालामा रात्रीकालीन विराट गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ ।

बिराट गोल्डकप फुटबल ट्रष्ट आयोजक समितिले बिहीबार विराटनगरमा पत्रकार सम्मलेन गरी रात्रीकालीन विराट गोल्ड कप फुटबल प्रतियोगिता पहिले पनि भएको थियो तर यसपाली ट्रष्टले प्रदेश सरकारको लगानीमा सहिद रङ्गशालामा फर्डलाईट जडान गरेकोले रात्रीकालीन प्रतियोगिता को दर्शकले छुट्टै मज्जा लिन सक्ने छ । विराट गोल्डकप प्रतियोगिता चैत्र २६ देखि सुरु भएर बैशाख ४ गते सम्पन्न हुने आयोजकले जानकारी गराएको छ ।

ट्रष्टका सदस्य मनोज बिक्रम शाहको संयोजकत्वमा प्रतियोगिता लाई भव्य, सभ्य र समफलता पूर्वक सम्पन्न गर्न मूल आयोजक समिति गठन गरी विभिन्न उप समिति, सल्लाहकार समिति, सचिवालय समिति समेत गठन भएको छ ।




उक्त प्रतियोगितामा नेपालको मनाङ मर्स्याङदी, सशस्त्र प्रहरी, नेपाल पुलिस क्लब, संकटा क्लब, राष्ट्रिय लिग बिजेता टिम मच्छिन्द्र क्लब, रुपन्देही र विराटनगर-११ टीम सहभागि हुने भएको छ भने विदेशी टीममा भारतको पञ्जाब पुलिस, झारखण्डको टाटा एकेडेमी र क्यामरुनको अफ्रिकन रुट्स एशोसिएसन लगायतको टीम पनि प्रथम पटक सहभागि हुने भएको छ । सो प्रतियोगितामा विदेशी टिम भारत र क्यामरूनका सहितका स्वदेशी 'ए' डिभिजनका १० टिमको सहभागिता रहने आयोजक समितिका संयोजक मनोज विक्रम शाहले जानकारी दिनु भएको थियो ।

गोल्डकप ट्रष्टले गोल्डकप विजेता टिमलाई १५ लाख १५ हजार र उपविजेता टिमलाई ७ लाख ५१ हजार रुपैयाँ नगद पुरस्कारसहित आकर्षक शिल्ड पनि दिनेभएको छ । यसअघिको पाँचौ संस्करण विजेताले १३ लाख र उपविजेताले ७ लाख नगद पुरस्कार दिएको थियो ।

प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई मोटरसाईकल सहित पदक प्रदान गर्ने गर्नुका साथै प्रशिक्षक, गोलकिपर, मिड फिल्डर, डिफेन्स, फरवार्ड, सर्वाधिक गोलकर्ता र व्यवस्थापक समेतलाई जनही २५-२५ हजार नगर पुरस्कार प्रदान गरिने तयारी रहेको शाहले जानकारी गराएका थिए ।

गोल्डकप हेर्न दर्शकले २ सय, ३ सय र ४ सय दरको टिकट खरिद गर्नु पर्ने छ भने २ हजार रुँपैयाको

वांकी अन्तिम पेजमा...

## एक्स्प्लोर ईष्ट (अन्वेषण पूर्व) नाराका साथ मोटर न्याली

बिराटनगर । कोरोना भाईरसको महामारीले विश्वको सबभन्दा प्रभाव पारिएको पर्यटन क्षेत्रलाई पुर्नजिवित गरी आन्तिरिक पर्यटनलाई पूर्वत अवस्थामा फर्काउन एक्स्प्लोर ईष्ट (अन्वेषण पूर्व) नाराका साथ मोटर न्याली हुने भएको छ ।

बिराटनगरबाट २०७७ साल चैत १२ गते प्रारम्भ हुने मोटर न्याली बर्दिवास, घुमरी हुँदै फाफ्लुसम्मको चार सय किलोमिटरको यात्रा तय गरी सोहीवाट हुँदै १४ गते पुनः बिराटनगर आईपुग्ने मोटर न्याली आयेजना समितिका संयोजक सुभम भट्टराईले जानकारी गराएको छ ।

जम्मा ८ सय किलो मिटर दुरीको यात्रा हुने छ । सो प्रतियोगितामा एउटा मोटरमा ४ जना सवारी रहने गरी जम्मा १५ वटा मोटरको सहभागीता रहने र न्यालीमा प्रतिव्यक्तिलाई १५ हजार सहभागिता शुल्क लाग्ने छ भने आयोजकले सहभागीहरुका लागि फाफ्लुमा दुई रात्रीको बासको साथै यात्रामा सहभागिहरुको लागि खाना, खाजा र प्रमाण पत्रको व्यवस्था गरिएको नेपाल युवा उद्यमी मंच, विराटनगर च्याप्टरको अध्यक्ष सृजन प्याकुरेल जानकारी गराएका थिए ।

आयोजकले आफ्नो छुट्टै मौलिक पहिचान र भौगोलिक वनावट भएको तराई, पहाड र हिमालको पर्यटकीय क्षेत्रलाई एक आपसमा जोडि पर्यटन प्रवर्द्धनमा मोटर न्यालीले सहयोग पुऱ्याउन अपेक्षा लिएको छ ।

पर्यटन स्थलको अन्वेषण, आन्तरिक पर्यटन प्रवर्द्धन र सो क्षेत्रको विकासको लक्ष्य लिई संचालन हुने प्रतियोगिता कन्ट्रोल लुव्रिकेण्टले मुख्य प्रायोजक कन्ट्रोल लुव्रिकेन्टस रहेको छ भने माउन्ट, भिल्ला, आरसी कोला, जी पावर र ओल्ड मकको सह प्रायोज रहन भएको छ ।

## विराटनरमा मैथिल पत्रकार संघ गठन



बिराटनगर । मकालु टेलिभिजनका वरिष्ठ संवाददाता नविन कर्णको अध्यक्षतामा विराटनगरमा मैथिल सञ्चारकर्मी संघ गठन भएको छ ।

नेपाल पत्रकार महासंघको केन्द्रिय अध्यक्ष धर्मेन्द झाको अभिनन्दको कार्यक्रमको अवसरमा उक्त संघ गठन भएको थियो । संघमा आवद्ध पत्रकारहरुलाई झाले फूलमाला र अविर लगाएर पदभार ग्रहण गराएका थिए ।

त्यसैगरी संघका उपाध्यक्षमा हिपमत मिडिया प्रा.लि. बिराटनगरको सम्पादक प्रकाश प्रेमी, महिला उपाध्यक्ष कुमारी श्रेया, सचिव हिपमत डटकमका अध्यक्ष विरेन्द्र कुमार साह, सहसचिव मकालु टेलिभिजनका सवाददाता उषा सरदार, कोषाध्यक्षमा हाम्रोमत र हिमशिखर टेलिभिजनका

वांकी अन्तिम पेजमा...

## खवास जातीको बेग्लै पहिचान बोकेको अलगै जाती

राजेश कुमार राजवंशी

बिराटनगर । नेपालमा बसोवास गरेको खवास जातिको बेग्लै पहिचान बोकेको अलग्यै जाति रहेको भन्दै खवासलाई थारुमा मिसाई सुचिकरण गर्न सिफारिस गरेकोमा घोरविरोध जनाएको छ ।

नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा पत्रकार सम्मेलन गरी खवास समाज परिषद केन्द्रिय उपाध्यक्ष सदर खवासले भने राष्ट्रिय मानव अधिधार आयोगको सिफारिस अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयहरुको पत्र अनुसार सबै तहका निकायलाई आदिवासी जनजातिका सुचीमा नपरेका जातिहरुलाई सुचीमा राख्न आदेश दिएतापनि कुनैपनि तह निकायले गम्भीरताको रुपमा नलिएको घोर भर्तसना गरेका थिए ।

त्यसैगरी नेपाल सरकारको संविधान अनुसार विभिन्न संबैधानीक आयोग मध्ये थारु आयोग गठन भई थारु आयोग द्धारा २०७७ फागुन २८ गते काठमाण्डौमा आयोजित थारु समुदायको थर सुचीकरण सम्वन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रममा थारु जातिको थर पहिचान अनुसन्धान समूहका संयोजक डा. डम्बर चेम्जोङका टोलीका अनुसन्धान कर्ताहरुले गहिरिएर स्थलगत अनुसन्धान नगरी हचुवाको पाराले र खवास समुदाय संग कुनै सहकार्य नगरी किताबी अध्ययनको आधारमा र थारु जातिको जनसंख्यालाई अधिक भन्दा अधिक देखाई राज्यवाट पाउने सुविधाको लागि खवास जातिको थरहरुभएको सवैलाई थारुमा सुचीकृत गरेको देखिदा खवास

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## विराट गोल्डकप..

सिजनल टिकटको व्यवस्था समेत गरिएको छ। सिजनल टिकट खरिद गर्ने दर्शकले दैनिक लाईनमा लागर टिकट काटिरहनु पर्ने छैन। साथै सिजनल टिकट खरिद गर्ने दर्शकलाई छुट्टै खेल अवलोकन गर्न प्याराफिटको व्यवस्था गरिएको छ।

गोल्डकप हेर्न आउने दर्शकको सुरक्षालाई पनि बिशेष ध्यान पुऱ्याएको दाबी गरेको छ। जिल्ला प्रहरी कार्यालय मोरङको सहयोगमा ठाउँठाउँमा व्यापक मात्रामा सादा पोशाकका प्रहरी परिचालन गरिने साथै गोल्डकप अवधिभर रङ्गशाला आसपासका क्षेत्रमा प्रत्यक्ष निगरानीका लागी ३५ वटा सीसीटिभी क्यामेरा जडान गरिएको छ त्यसको निगरानी जिल्ला प्रहरी कार्याले मोरंगले गर्ने भएको छ।

## खवास...

समाज परिषद स्तब्ध भएको छ र परिषदले त्यसको घोर भर्त्ससना गरेको छ।

खवास जातिको विश्लेषक तिलकचन्द चौधरीका अनुसार थर एउटै हुँदैमा सवै थारु हुन सक्दैन खवास र थारुको धेरै जसो रहन-सहन, पहिरण, पोषाक, रिती रिवाज मिल्छ छर हामी थारु होईन भन्दै थारु र खवासमा एक सुतोको फरक छैन तर थारु र खवास एक पनि होईन तर कतिपय राजनीतिक दलका नेताहरुलाई खवासलाई भोटका लागि थारुमा मिसाउँछ राजनीतिक रंग दिन्छ। वहांको अनुसार ५० औं वर्ष देखि खवास जातिलाई छुट्टै सुचिकृत गर्ने हाम्रो माग रहेको जानकारी गराएका थिए।

खवास जातिको बसोवास झापा, मोरंग, सुनसरी र धनुषाको जनपुर गरी देशको अन्य ठाउँमा समेत बसोवास रहेको देश भरमा करीब २ लाख बसोवास रहेको खवासहरुको मोरंगमा मात्रै ५० हजार जनसंख्या रहेको भएता पनि २०६८ को जनगनणाको तथ्याँकमा १८ हजार संख्या मात्र देखाएको छ।

## विराटनगरमा...

संवाददाता राकेश कर्ण रहेको छ।

संघको सदस्यहरु जेनवन खवरका अध्यक्ष शिवम मिश्रा प्रसान्त,सन्तोष मेहता, निरज चौधरी, प्रेम यादव, प्रियका कामत, राधा मण्डल, हुसेन शेख र पवन विक्रम शाह रहेका छन्। उक्त संघ चैत १९ गते गठन भएको थियो।

# राजा विराटको उपाधी आर.सी.सीको पोल्टोमा



बिराटनगर। राजा विराटको दरवारको प्रचार प्रसारको लागि झटियाही युवा क्लबद्धारा संचालन गरिएको राजा विराट कप (प्रथम) नक आउट क्रिकेट टुर्नामेन्टमा वाई आर क्रिकेट क्लब विराटनगरले विजय हासिल गरेको छ।

टुर्नामेन्टका विजेता टिम वाई आर क्रिकेट क्लवलाई ७१ हजार नगद सहित सिल्ड र प्रमाण टुर्नामेन्ट समापन कार्यक्रमका विशिष्ठ अतिथी जनता समाजवादी पार्टी मोरंगका अध्यक्ष राजकुमार यादवले प्रदान गरेका थिए।

त्यसैगरी १ सय ४२ रनले पराजीत भएका बजाज यूथ क्रिकेट क्लब राजविराज उप विजेता बनेका थिए। उप विजेता टिमलाई बिराटनगर महानगर पालिकाका कार्यकारी प्रमुख उमेश बस्नेतले ३१ हजार नगर, सिल्ड र प्रमाण पत्र प्रदान गरेका थिए।

साही अवसरमा क्रिकेट ग्राउन भन्दा वाहिर बललाई क्याच गर्ने ५ जना यूवालाई समेत नगद सहित सम्मान गरेका थिए। त्यसैगरी उत्कृष्ट बलर, म्यान अफ दि म्याच लगायत खेल अवधिभरमा उत्कृष्ट प्रदर्शन गरेको खेलाडीहरुलाई समेत सम्मान गरेका थिए।

फाल्गुन १९ गते देखि संचालन भएको सो टुर्नामेन्टमा १२ वटा टीमले भाग लिएका थिए।

# विराट गोल्डकपको कही विगतका इतिहास

विक्रम सम्वत १०१८ साल देखि तत्कालीन राजा महेन्द्र शाहको नामबाट महेन्द्र गोल्डकपको रुपमा सुरुवात भएको थियो। सो गोल्डकप निरन्तर रुपमा प्रत्येक वर्ष संचालन हुंदै आई रहेको थियो। ३९ वर्षसम्म संचाल भई रहेको प्रतियोगिता २०५७ सालदेखि राजनीतिक परिवर्तन र देशको बदलिदो आवस्थाका कारण बन्द बन्द रहेको थियो। भने निक्कै लामो समय बन्द भयो। ११ वर्षसम्म गोल्डकप हुनै सकेन।

११ वर्ष देखि रोकिएर रहेको महेन्द्र गोल्डकपको नामै परिवर्तन गरी विराट गोल्डकप नामदिएर विक्रम सम्वत २०६८ सालदेखि प्रतियोगिता पनु: सञ्चालन गरिएको थियो। २०७० सालमा हुन नसकेको विराट गोल्डकप प्रतियोगिता आयोजक परिवर्तन गरेर विक्रम संम्व्त २०७१ बाट निरन्तर हुन थालेको छ।
निजी क्षेत्रवाट पहिलोपटक विराटनगरका उद्योगी राजेन्द्र राउतले गोल्डकप आयोजनाको जिम्मा लिएर सफलत पूर्वक सम्पन्न गरेका थिए। त्यसपछि उद्योगी नविन रिजालको सक्रियतामा गोल्डकपलाई डे-नाईट खेलको रुपमा संचालन गरिएको थियो। उद्योगी रिजालले पनि दोस्रो पटक त्यसलाई निरन्तरता दिन असमर्थ भएका थिए। विराट गोल्डकप फुटवल ट्रष्टले यस वर्षको प्रतियोगिता सफलता पूर्वक सम्पन्न गर्न मनोज कुमार शाहको संयोजकत्वमा गोल्डकप आयोजना गर्ने जिम्मा फेरि निजी क्षेत्रलाई दिएको छ।

केही समयदेखि निजी क्षेत्रको नेतृत्वमा विवादरहित ढंगबाट भव्य र सभ्य रुपमा सम्पन्न हुँदै आईरहेको छ। लामो समयदेखि ठप्प रहेको गोल्डकप २०६८ सालमा सञ्चालन गर्ने जिम्मा भीम कुँवरले पाएका थिए। गोल्डकपको हिसाबकिताब पारदर्शी नभएको आरोप लागेका कारण त्यसपछि प्रतियोगिताले कुँवरको नेतृत्व पाउन सकेन। अनियमितताको आरोपसँगै कुँवर नेतृत्वमा रहेका पदाधिकारीले राजीनामा दिएका थिए।

त्यसपछि प्रतियोगिता सञ्चालन गर्ने जिम्मा प्रतिष्ठित उद्योगी राउतको काँधमा आएको हो। उनले प्रतियोगितालाई भव्य रुपमा सफल बनाए। त्यसपछि उद्योगी रिजालले रात्रिकालिन प्रतियोगिता गराए। त्यसपछि निरन्तरता हुन सकेन। रिजालपछि ट्रष्टले युवा उद्यमी शाहलाई विश्वास गरेर यस वर्ष प्रतियोगिता आयोजक समितिको नेतृत्व प्रदान गरेको हो। यस पालिका विराट गोल्डकप प्रतियोगिता कस्तो हुने हो त्यो हेर्न वांकी नै छ।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौं। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १




## प्रदेश समिति गठन

विराटनगर। स्वतन्त्र पत्रकार संघ नेपाल प्रदेश नं. १ को समिति विस्तार गरिएको छ।

संयोजक विजय खतिवडाले प्रदेश समिति विस्तार गरेका हुन्। १७ सदस्यीय प्रदेश समितिको सदस्यहरुमा उद्धव घिमिरे, जीतेन्द्र साह, दिनेश सिम्पाने पोखरेल, सिर्जना कार्की, दीपक खड्का (मोरङ) रहेका छन्।

त्यसैगरी उद्धव कटवाल, कृष्ण माझी, टीका विश्वकर्मा, राजकुमार उप्रेती, सहदेव कार्की, भीमप्रसाद दाहाल, शेखरनाथ योगी, विमल शाक्य छन्।

अन्य सदस्यहरुमा विमल शाक्य, सागर सिञ्जाली (धरान), रत्नबहादुर बस्नेत र केशव अधिकारी (झापा) छन्।

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

सड्कमा लैगिंक हिन्साको रोकथाम :
तीनै तहका सरकारले निर्माण गरौं नयाँ आयाम

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### सर्वदलीय सरकारको आवश्यकता

संविधानको विपरीत प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधी सभा विघटन गरी निर्वाचन मिति समेत तोकि सकेका अवस्थामा अन्य राजनीतिक दलको निरन्तर आन्दोलन र जनदवाव सृजना भई रहेको वेला सर्वोच्च अदालतले जनताको पक्षमा दिएको फैसलाका कारण प्रतिनिधी सभा पुनस्थापन भएपनि राजनीतिक संकट अहिले देखि नै रहेको छ। मुलुकको राजनीतिक जटिलता गरिरिदै गई र हेको वेला राष्ट्रिपछि द्धारा सर्व दलीय वैठक वोलाई राजनीतिक सहमती प्रणालीमा जोड दिएको छ। दलबीच तिक्तता बढिरहेको अवस्थामा आह्वान गरिएको बैठकले सहमतिको वातावरणलाई सहज बनाउने विश्वास गरिएको छ। मुलुकको अभिभावकको हैसियतले राष्ट्रपतिबाट यस्तो बैठक बसाउनु सकारात्मक काम हो । राष्ट्रपतिको भावनाको कदर गर्दै मुख्य राजनीतिक दलबीच पनि संवादहीनता अन्त्य गरेर सहमतीय राजनीतिमा जोड दिनुपर्छ ।

प्रतिनिधी सभा विघटन भएपछि विघटनसँगै मुलुकमा राजनीतिक हानथाप सुरु भएको थियो। अदालतले विघटनलाई बदर गरिदिएको छ । तर पनि राजनीतिक स्थीरताक कायम हुन सकेको छ । फैसलाको भएको महिनौ वितिसेको छ तर राजनीतिक दलहरुमो कुनै पनि सहमति हुन सकेको छैन। माओवादी र एमाले दुई पार्टी भएपछि माओवादीले सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छैन । जसको कारण अर्को सरकार पनि गठनको प्रक्रिया शुरु भएको छैन । एमाले र माओवादी केन्द्रको एकतालाई मान्यता नदिएपछि अर्को राजनीतिक खिचातानी सुरु भएको छ। यो अवस्थाले यतिखेर सत्ताधारी र सत्ताबाहिर रहेका दलमा पनि किचलो निम्त्याएको छ। यतिखेर सरकारको भविष्यलाई लिएर सर्वत्र छलफल मात्रै भएको छ। सँगसँगै नयाँ सरकार गठनका सन्दर्भमा दिनदिनै विकसित भएका घटनाक्रमले पनि सरकारको भविष्य अनिश्चित बनाएको छ।

अवको दुई वर्ष सम्मको सवै राजिनीतिक दलहरुले सर्वदलिय सरकार वनाई सरकार संचालन गर्नु जरुरी छ । सवै मिलेर निर्वाचन सम्मको संरकार संचालन गरी देशलाई एउटा निकास दिनु जरुरी छ । राजनीतिक अन्योल उत्पन्न भएको अवस्थामा, मुलुक गहिरो आर्थिक संकटमा फस्न सक्छ त्यसैले सर्वदलीय सर कार गठन हुन आवश्यक छ ।

# रामायणकालीन मार्ग : धार्मिक पर्यटनको मेरुदण्ड

राकेश प्रसाद चौधरी

धार्मिक ग्रंथ रामायणमा चर्चा गरिएको अयोध्या नगरीको विषयमा थप अध्ययन हुन थालेको छ। भारतमा रहेको अयोध्या रामायणकालीन नै भएको अन्तर्राष्ट्रिय मान्यतालाई नेपालमा रहेको अयोध्याबारेको खोज र अनुसन्धानले चुनौती दिने विषयमाथिको बहस केही बर्षपछि अवश्य नै हुनेछ। अहिले चर्चा हुने गरेको धार्मिक एवं ग्रामिण पर्यटनमा रामायणकालीन मार्गको विषय उठान गरिनु अपयुक्त लागेको छ।

रामायणकालीन जनकपुर र अयोध्याबीचको मार्गको चर्चा अझैसम्म कायम छ। अर्थात जनकपुरमा मनाइने रामजानकी बिवाहोत्सवमा अयोध्याबाट आउने जन्ती झाँकीले प्रयोग गर्ने मार्गको अत्याधिक चर्चा हुने गर्दछ। भारत सरकारले रामायण सर्किट भनेर चर्चा थालेको धेरै भइसकेको छ। तर वर्तमान अवस्थामा जनकपुरबाट अयोध्यासम्म पुग्ने बसले प्रयोग गर्ने मार्ग पक्कै रामायणकालीन नरहेकोमा दाबी गर्न सकिन्छ। रामायणमा चर्चा गरिएको मार्ग धार्मिक पर्यटनको हिसाबले उपयुक्त रहेकोमा दुईमत छैन ।

समय समयमा चर्चा हुने रामायण सर्किटले जंगली अवस्थामा अयोध्याबाट भगवान रामले गुरु बशिष्ठका साथ जनकपुरसम्म तय गरेको मार्गको बिकास गर्ने योजना अनुसार काम गरिरहेको छ। त्यही रामजानकी बिवाहोत्सवका लागि जन्ती आएको र बेहुलीसहित फर्किएको मार्गबारे रामायण सर्किटमा खासै चर्चा गरिएको छैन। यस विषयमा चर्चा गर्न नेपाल र भारत सरकारले चाँसो नदेखाए पनि स्थानीयस्तरबाट पहल भइसकेको छ। यसबर्ष कोभिड१९ को कारण हंसानन्द गिरीको नेतृत्वमा संत तथा साध्वीहरुको २८ जनाको समूह मात्र अयोध्याबाट जनकपुर आउनुभएको थियो। यस जन्तीको एक मात्र उद्देश्य बिवाहोत्सवपछि डोलीमा बसेर सीतालाई अयोध्या लगिएको मार्गको पहिचान गर्नु रह्यो ।

रामजानकी बिवाहोत्सव नाम दिइएपनि रामका तीन भाई लक्ष्मण, भरत र सत्रुधन र सीताकी तीन बहिनी उर्मिला, माण्डवी र श्रृतिकीर्तीको बिवाह र बिदाई एकसाथ भएको थियो। रामायणमा रामको यशगान रहेकोले रामायण सर्किटमा बेहुलीहरुसहित जन्ती फर्किएको मार्गको अध्ययन अनुसन्धानमा बेबास्ता भएको मान्न सकिन्छ।

जनकपुत्री सीताको बिवाहोत्सवमा मण्डपको वेदी बनाउन माटो लगिएको मृतखनी वर्तनको मटिहानी हो भने त्यस समयको महेशपुर अहिलेको जलेश्वर हो। सीताको स्वयंवरमा राखिएको धनुषलाई धुन नित्यदिन प्रयोग हुने जलको कुण्ड पुरन धोइ सरोवरको नाम पुरन्धर सर भइसकेको छ। जन्तीहरुको लागि एकत्र गरिएको अन्न राखिएको ठाउँ अहिले अनैठा, सुन भण्डारण भएको ठाउँ सोनागढी (हालको सोनउखडा), जन्तीलाई रोकेर राखिएको ठाउँ ठाँडी हो। बिवाहोत्सवपश्चात जनकपुरबाट बेहुलीहरुको डोली एकछिन ठाँडीमा रोकिएर जलेश्वर महादेवको दर्शन गरि पंथपाखरमा बिश्राम भएको मानिन्छ।

अयोध्याबाट आउनुभएका संत हंसानन्द गिरीले जनकपुरबाट आउने क्रममा मटिहानीको मार्ग प्रयोग गर्दै फर्किने क्रममा ठाँडी र जलेश्वरमा एक/एक रात बिश्राम गरि भारत बिहारको बथनाहा प्रखंडमा रहेको पंथपाखरमा पुग्नुभयो। हंसानन्द गिरीको उद्देश्य थाहा पाउनुभएका महोत्तरी गाउँपालिका अध्यक्ष सुनिल कुमार रायले आफ्नो क्षेत्रमा स्वागत र व्यवस्थापन गर्नुभयो। नेपालमा सानो जन्तीको समूहलाई मटिहानीका मानमहन्थ जगन्नाथ दास, मेयर हरिप्रसाद मण्डल, जलेश्वरका मेयर रामशंकर मिश्र, राजनारायण साहसहितका व्यक्तिहरुले आ-आफ्नो क्षेत्रमा स्वागत तथा व्यवस्थापनमा कुनै कसर बाँकि राखेनन्।

कोभिडको कारण नेपाल भारत सीमानामा निजी सवारीसाधनको आवागमन बन्द रहेपनि दुबैतर्फका जिल्लाधिकारीको पहलमा भारतीय नम्बर प्लेटको सवारीसाधन नेपाल प्रवेश गर्न सफल भएको थियो। काठमाडौं र दिल्लीले दिएकै अधिकारको उपयोग गर्दै विपद्को बेला धर्म,संस्कृति र परम्पराको पालना गर्नु नितान्त आवश्यक रहेको कुरा जिल्लाधिकारीहरुले बुझेकै कारण बिशेषाधिकार प्रयोग गर्नुभयो।

गिरीसँग अत्याधिक समय साथ रहेको महोत्तरी गाउँपालिकाका अध्यक्ष रायले पंक्तिकारसँग बिवाहोत्सवको समयमा अयोध्याबाट जनकपुर आउने जन्ती सोनागढी, अनैठा, ठाँडी, रतवार हुँदै जलेश्वरसम्म फर्किने वातावरण मिलाउन तत्पर रह्ने बताउनुभयो। जनकपुरदेखि जलेश्वरसम्मको भित्री ग्रामिण सडकको नामाकरण बृहत जलेश्वर सीताराम मार्ग राख्दा उपयुक्त हुने देखिन्छ। पर्यटन पूर्वाधार बिकासमा यो मार्गले टेवा पुऱ्याउने आंकलन गर्न सकिन्छ। यो मार्गमा रामायण वर्णन भएका बाहेक राजा चेदीकालिन, राजा नान्यकालिन तथा राजा पूरादित्यकालिन गढ एवं मूतिहरु हेर्न सकिन्छ। जलेश्वरलाई सतयुगदेखि कलयुगको संगम नै भन्निछ। यो मार्गको नामाकरण र बिकासको लागि प्रदेश सरकारले तत्काल पहल गर्नु उचित देखिन्छ।

बिवाहोत्सवको अवसरमा स्वामी हंसानन्द गिरी नेपाल प्रवेश गरेदेखि भारतीय छापा मेडियामा सीताराम मार्गको बहस शुरु भइसकेको छ। यो बहसलाई आफ्नो अनुकूल बनाउन मटिहानी, पिपरा, जनकपुर, लोहारपट्टि, महोत्तरी र जलेश्वरका स्थानीय सरकारहरुबीच एकमत हुनु आवश्यक छ। त्यही मटिहानी, पिपरा, महोत्तरी र जलेश्वर जोड्ने ग्रामिण पर्यटन मार्गको विषयमा समेत बहस आवश्यक छ। मटिहानी हुँदै विद्यापति गढ, सोनागढी, ठाँडी, रतवारा र जलेश्वर हुँदै सुगा, मटिहानी जोड्ने पर्यटन चक्रपथको लागि तत्काल छलफल गर्न आवश्यक छ। मधेश दर्पण फिचर सेवा

**अयोध्याबाट आउनुभएका संत हंसानन्द गिरीले जनकपुरबाट आउने क्रममा मटिहानीको मार्ग प्रयोग गर्दै फर्किने क्रममा ठाँडी र जलेश्वरमा एक-एक रात बिश्राम गरि भारत बिहारको बथनाहा प्रखंडमा रहेको पंथपाखरमा पुग्नुभयो । हंसानन्द गिरीको उद्धेश्य थाहा पाउनुभएका महोत्तरी गाउँपालिका अध्यक्ष सुनिल कुमार रायले आफ्नो क्षेत्रमा स्वागत र व्यवस्थापन गर्नुभयो । नेपालमा सानो जन्तीको समूहलाई मटिहानीका मानमहन्थ जगन्नाथ दास, मेयर हरिप्रसाद मण्डल, जलेश्वरका मेयर रामशंकर मिश्र, राजनारायण साहसहितका व्यक्तिहरुले आ-आफ्नो क्षेत्रमा स्वागत तथा व्यवस्थापनमा कुनै कसर बाँकि राखेनन् ।**

लैगिक हिंसा अन्त्य: समृद्ध नेपालको गन्तव्य ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# २७ करोड भन्दा बढीको राजश्व संकलन

बिराटनगर । संगठन प्रमुख प्रहरी महानिरीक्षक र प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक तथा प्रदेश प्रहरी प्रमुख र प्रदेशका १४ वटै जिल्लाका प्रहरी प्रमुखहरु बिच कार्य सम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयन हुँदा यस आर्थिक बर्षको ८ महिनामा ४ हजार ६ सय ८९ मुद्धा दर्ता गरी २७ करोड भन्दा बढी राजश्व संकलन गरेको छ ।

संगठन प्रमुखको निर्देशनलाई पालना गर्ने र गराउने तर्फ बिशेष ध्यान दिई समाजमा हुने अपराधिक घटना, फैसला कार्यान्वयन, भन्सार चोरी निकासी, नदिजन्य पदार्थ अबैध दोहन, अबैध काठ चोरी निकाशी र ट्राफिक ब्यबस्थापनमा प्रभावकारी रुपमा प्रहरी परिचाल भए अनुसार उल्लेख्य मात्रामा सफलता हासिल भएको हो ।

यस आर्थिक बर्षको ८ महिनामा मात्र ४ हजार ६ सय ८९ वटा बिभिन्न अपराध सम्बन्धी मुद्धा दर्ता भई कारवाही गरिसकिएको छ भने फैसला कार्यान्वयन तर्फ बिभिन्न अपराधमा सजाय तथा जरिवाना फैसला भई फरार रहदै आएका ५३९ जना फरार प्रतिवादी पक्राउ गरी ६४२ बर्ष कैद भुक्तान भई , २ करोड ३ लाख ४२ हजार ७ सय ४४ रुपैयाँ राजश्व संकलन भएको छ । त्यसैगरी लागुऔषध नियन्त्रण तर्फ बिशेष ध्यान दिई ब्यापक रुपमा प्रहरी परिचालन गरे अनुसार १६५१.६८१ ग्राम लागुऔषध ब्राउनसुगर बरामद भएको छ भने ११३१.७९० केजी गाँजा बरामद भएको छ ।

त्यसैगरी बिभिन्न मनोद्धिपक क्याप्सुल ३४ हजार ९५९ ट्याब्लेट बरामद भएको तथा मनोद्धिपक सुई ५ हजार ३०५ एम्पुल बरामद भएको छ । अन्य बिभिन्न किसिमका मनोद्धिपक औषधीहरु १ हजार ८६४ ट्याब्लेट बरामद भएको छ ।

सोही अवधीका २ हजार ४२३ रोपनीमा लगाएको गाँजा खेती फडानी गरी ८ लाख ७६ हजार ५४१ गाँजाका बोट नष्ट गरिएको छ । भन्सार चोरी निकाशी तर्फ अबैध रुपमा समान चोरी निकाशी गर्ने १४२ जना मानिस पक्राउ गर्नुका साथै १३ करोड १८ लाख ६ हजार ८०६ रुपैयाँ राजश्व संकलन भएको छ । यस्तै नदिजन्य पदार्थको अबैध रुपमा दोहन गर्ने १४० जना मानिस र ५९८ वटा नदिजन्य पदार्थ उत्खनन गर्ने र ओसार पसार गर्ने सवारी साधनलाई पक्राउ गर्नुका साथै ४५ लाख ६६ हजार ७२० राजश्व संकलन भएको छ ।

अबैध काठ चोरी निकासी गर्ने ४१ जना मानिस पक्राउ गर्नुका साथै २०३७ क्यू.फिट. काठ बरामद गरी ३० लाख ९५ हजार २०० रुपैयाँ राजश्व संकलन भएको छ ।

त्यसैगरी ट्राफिक ब्यबस्थापन तर्फ यस आर्थिक बर्षको ८ महिनामा मात्र ट्राफिक नियम उलंघन गर्ने १ लाख ७९ हजार ३४९ वटा सवारी साधनलाई कारवाही गर्दा ११ करोड १७ लाख २६ हजार राजश्व संकलन भएको छ । यसरी यसै आर्थिक बर्षको ८ महिनामा मात्र कुल २७ करोड १५ लाख ३७ हजार ४७० राजश्व संकलन भएको हो ।

| १. | अपराध तथ्याङ्क | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| | मुद्दा दर्ता संख्या | ४,६६५ | ४,७०३ | ५,१३६ | ४,६८९ |
| | फर्छ्यौट संख्या | ४,५८५ | ४,४५२ | ३,३११ | १,९०२ |
| | बाँकी संख्या | ८० | २५१ | १,८२५ | २,७८७ |
| २. | फैसला कार्यान्वयन तर्फ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | फरार अपराध पक्राउ संख्या | ५८१ | १,०६९ | ८१५ | ५३९ |
| | असुल उपर गरेको कैद (वर्ष) | ३०४ | ६०९ | ३२३ | ६४२ |
| | असुल उपर गरेको जरिवाना (रु.) | १,२४,१३,५५५/- | २,०५,३२,०९२/- | २,१०,१८,१५०/- | २,०३,४२,७४४/- |
| ३. | भन्सार चोरी निकासी नियन्त्रण तर्फ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | राजस्व संकलन (रु.) | ५,४०,३१,०३०/- | ३,९१,९५,९४४/- | ७,५६,४२,४८१/- | १३,१८,०६,८०६/- |
| | मानिस पक्राउ | ६५ | ३४ | ६१ | १४२ |
| ४. | नदिजन्य पदार्थको अवैध दोहन कारवाही तर्फ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | राजस्व संकलन (रु.) | १३,९८,०००/- | २३,८५,०००/- | १४,९४,०००/- | ४५,६६,७२०/- |
| | मानिस पक्राउ | १०५ | १३१ | ६३ | १४० |
| | सवारी साधन पक्राउ | १५५ | ३०० | २४७ | ५९८ |
| ५. | अवैध काठ चोरी निकासी नियन्त्रण तर्फ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | राजस्व संकलन (रु.) | ९,९०,४५०/- | ८,७४,५४०/- | १६,११,१३०/- | ३०,९५,२००/- |
| | मानिस पक्राउ | १२ | २८ | १६ | ४१ |
| | पक्राउ परिणाम (क्यू.फिट) | ८१७ | १,४५५ | ६३९ | २,०३७ |
| ६. | ट्राफिक कार्य सम्बन्धी | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | सवारी कारवाही संख्या | २,६४,६१० | २,५९,४७७ | २,२४,९१० | १,७९,३४९ |
| | राजश्व संकलन (रु.) | १६,१६,०१,०००/- | १६,७५,९८,५००/- | १४,५७,४१,५००/- | ११,१७,२६,०००/- |
| | दुर्घटना संख्या | १,२७९ | १,२९८ | १,३२२ | १,९५१ |
| | मानविय क्षति (मृत्यु) | ४२४ | ३७३ | ३३२ | ३०२ |
| | मानविय क्षति (घाईते) | २,०७२ | २,३२६ | २,२०० | २,९९० |
| ७. | लागुऔषध नियन्त्रण तर्फ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | गाजाँ (किलोग्राम) | २५१.३०३ | १३५.९१५ | २८४.४२१ | ११३१.७९० |
| | चरेश (ग्राम) | ० | १,५११.२२० | ६९ | ० |
| | अफिम (ग्राम र बोट) | १,२३० बोट | ० | १,५०० ग्राम | २,००० ग्राम |
| | ब्राउन सुगर (ग्राम) | १३३४ | २,६२१.९१७ | १,६६०.८३७ | १,६५१.६८१ |
| | विभिन्न मनोदिपक चक्कि /क्याप्सुल | १०,३१६ | ३२,१२४ | २१,५०७ | ३४,९५९ |
| | विभिन्न मनोदिपक सुई (एम्पुल) | ६,४३४ | १५,३८८ | १०,२९७ | ५,३०५ |
| | अन्य विभिन्न मनोद्विपक औषधीहरु | १२७ | ६४९ | ५०६ | १,८६४ |
| ८. | गाँजा खेती फडानी तर्फ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | गाजाँ बोट नष्ट गरेको (बोट) | ५३,२१२ | २,६२,२१२ | १९,२८,६३२ | ८,७६,५४१ |
| | नष्ट गरेको क्षेत्रफल (रोपनी) | २१२ | ४६१ | २,८०० | २,४२३ |

# राजश्व चुहावट गर्ने दुई पक्राउ

बिराटनगर । पेट्रोलियम पदार्थ अपचलन गरीराजश्व चुहावट गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शनिवार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ४ कन्चनबारी स्थितमारहेको नेपाल आयल नियम १ नं. प्रदेश कार्यालयमा देश भारत जिल्ला अररिया मिरगन्ज बस्ने बर्ष २६ को मोहमद सजादर बर्ष २१ को ईमरोज आलमलाई राजश्व चुहावट गरेको आरोपमिा पक्राउ गरेको हो ।

ती दुवैजनाले को १ ख ५९१२ नम्बरको ट्याङकरमा निगमको विनियम तथा प्रचलित कानून विपरित पेट्रोलियम पदार्थ अपचलन गरीराजश्व चुहावट गरेको हुँदा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले राजश्व चुहावट गर्ने २ जनालाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागिराजश्व अनुसन्धान कार्यालय ईटहरी सुनसरीमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# सिलप्याक मदिरा सहित १ पक्राउ

बिराटनगर । भारतको विहार राज्यको मटियारी ग्राम पंचायतका ३२ बर्षीय शिव लाल रायलाई बिभिन्न ब्राण्डका सिलप्याक मदिरा सहित पक्राउ गरिएको छ ।

ठुलो परीणामको मदिरा नेपालबाट भारत तर्फ चोरी निकाशी हुन लागेको भन्ने बिशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले मोरङको जहदा गाउँपालिका वडा नं. १ लंकाटोल स्थित रमेश यादवको घर कोठामा भण्डारण गरिएको मदिरा बरामद गरेको हो ।

बरामद गरेको मदिरामा उंमग ५७ काटुन, पलपल ४० काटुन, सोफीका ३७ काटुन, हरपल १ सय ५२ काटुन र कार्टुनमा प्याक नभएको १९९५ बोतल मदिरा रहेको छ । सो स्टोरमा मदिरा भण्डारण गरी नेपालबाट भारत तर्फ चोरी निकासी गरी लैजान लागेको थियो ।

भारितय नम्बर प्लेटको डब्लुबी २० जेड १०८७ नम्बरको कार र ४ वटा मोटरसाईकल सहित शिबलाल रायलाई पक्राउ गरिएको हो ।


पक्राउ परेका रायको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विवेक मालपानी
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजन खत्री (प्रमुख)
विराट हेल्थ कलेज खारजी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नन्द किशोर राठी
उद्योगी / व्यवसायी






# "स्वदेशी बस्तुको प्रवर्द्धन हाम्रो अभियान" भन्ने नाराका साथ फुटवेयर मेला

बिराटनग । फुटवेयर म्यानुफ्याक्चरर्स एशोसिएसन अफ नेपाल त्रिपुरेश्वरको आयोजनामा स्वदेशी बस्तुको प्रवर्द्धन हाम्रो अभियान भन्ने नाराका साथ विराटनगरमा चैत ५ गते विहीवार देखि मेला लगाउने भएको छ ।




एशोसियसनले पत्रकार सम्मेलन गरी विगत ५ वर्ष देखि जुत्ता घरले गर्दै आएको फुटवेयर मेलालाई वृहत गर्दै एशोसियसन मार्फत मेला आयोजना गर्न लागेको एशोसियसनका अध्यक्ष होमनाथ उपाध्ययले जानकारी गराएका थिए ।

देशभरमा छरिएर रहेका जुत्ता चप्पल तथा छालाजन्य बस्तुहरु उत्पादन गर्ने उद्योगी व्यवसायीहरुको प्रतिनिधित्व गर्ने प्रतिनिधीमुलक संस्था एशोसियसन भएकोले सोही मार्फत मेलाको आयोजना गर्ने भएको छ ।

नेपालभरमा लघु उद्योग, साना, मझौला र ठुला गरि १ हजार ५ सय चुत्ता चप्पलको उत्पादन गर्न उद्योग रहेकोमा ती उद्योगवाट करीब वर्षभरिमा ५ करोड भन्दा बढी उत्पादन गरी स्वदेशी बजारमा उत्पादन आपुर्ति गरी रहेका छन् । प्रत्येक नेपालीले वर्षमा सरदर ३ जोर जुत्ता चप्पल प्रयोग गर्ने गरेको समेत जानकारी गराएका थिए ।

जुत्ता चप्पलको आन्तरिक मागको ६३ प्रतिशत मात्र पुर्ति गर्न सकेको भन्दै यस क्षेत्रमा करीव ५५ हजार श्रमिक प्रत्यक्ष रोजगारीमा रहेको आयोजकको भनाई छ ।

सो मेलामा बेस ग्लोबल प्रा.लि. को बीएफ डियर हिल, शिखर शुज इण्डष्ट्रिज प्रा.लि को शिखर, कोशेली छाला जुत्ता उद्योग प्रा.लि. को कोसेली, लालीगुरास फुटवेयर को क्रसरोड, नियासा शुज इण्डष्ट्रिज प्रा.लि.को रोयल, शुभकामना फुटवेयर प्रोडटक नेपाल प्रा.लि. को फस्टवाक, पबित्रा शुज इण्डष्ट्रिजको शुल्याण्ड, रन शुज इण्डष्ट्रिज प्रा.लि. रन, स्माट शुज इण्डष्ट्रिज प्रा.लि. को स्मार्ट, जय श्री पि यू टेक को म्याजिक र सुर्बी पोलिमर्सको हाइलाईफ ब्राण्डका चुत्ता चप्पल राखिने छ ।

मेला १२ वटा कम्पनीको २० वटा ब्राण्डहरुको सहभागीतामा छालाको जुत्ता, चप्पल, लेदर वेल्ट, स्कुल सुज, स्पोर्ट सुज लगायत अन्य जुत्ता चप्पलका उत्पानहरु १ सय देखि १ हजार सम्मको खरिदमा १० देखि ५० प्रतिशत सम्म ग्राहकलाई छुट दिने भएको छ ।

जुत्ता चप्पल मेला २०७७ चैत ५ गते देखि २०७८ बैशाख ५ गते सम्म संचालन हुने मेला विहीवार विराटनगर महानगर पालिकाका मेयार भीम पराजुलीवाट समुद्घाट गराईएको थियो ।

## ब्राउनसुगर सहित दुई पक्राउ

झापा । झापाको मेचीनगर नगरपालिका वडा नं. ६ बाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित २ जना पक्राउ परेका छन् ।

बिशेष सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले ईटहरी उप-महानगरपालिका वडा नं. ४ का २३ बर्षीय आशिष चौधरी र बराहक्षेत्र घर भई ईटहरी उपमहानगर पालिका वडा नं. ७ बस्ने २४ बर्षीय लोक नाथ भण्डारीलाई नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको हो ।

उनीहरुको साथबाट प्रहरीले ४० ग्राम ब्राउनसगुर बरामद गरेको छ भने दुबै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको छ ।

## ब्राउनसुगर सहित ६ पक्राउ

झापा । झापाका तिन छुट्टाछुट्टै स्थानबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित ६ जना पक्राउ परेका छन् ।

बिहिवार वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका वडा नं. ८ का १९ बर्षीय सरोज सुनुवार र १९ बर्षकै अभिषेक राजवंशीलाई २.४३ ग्राम लागुऔषध ब्राउनसुगर सहित डाँगीवारीबाट पक्राउ गरेको हो ।

त्यसैगरी ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका-९ का १९ बर्षीय पवन भनिने साईल खानलाई ५ ग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको छ । खानलाई अर्जुनधारा नगरपालिका-११ बसपार्कबाट पक्राउ गरिएको हो ।

त्यस्तै लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका वडा नं. १३ बाट बिहिवार ३ जनालाई लागुऔषध ब्राउसुगर सहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा मेचीनगर नगरपालिका वडा नं. १५ का ३० बर्षीय कुमोलाल राजवंशी, २४ बर्षीय संजय मुखिया र भद्रपुर नगरपालिका वडा नं. १० का १९ बर्षीय श्रवण मुखिया रहेका छन् ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नरेश राठी
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डि. ए. भी. स्कुल परिवार
रानी, बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
वैद्य परमेश्वर मुर्मु
जगदम्बा जडीबुटी सेन्टर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नरेन्द्र पौडेल (प्रमुख)
मालपोत कार्यालय मोरंग परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिनबन्धु गोयल
उद्योगी / व्यवसायी / समाजसेवी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जुगल राठी
गोल्ड सिलभर मार्ट



पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.
Maximum care for life
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# प्रहरी जवानद्धय राई र बस्नेत फाल्गुण महिनाको सर्वोत्कृष्ट प्रहरी

बिराटनगर। प्रहरी चौकी हर्कपुर ओखलढुङगा दरवन्दी भई १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको अनुसन्धान समुहमा कार्यरत प्रहरी जवान अशोक राई र प्रहरी चौकी कर्सिया, मोरङ दरबन्दी भई जिल्ला प्रहरी कार्यालय मोरङमा कार्यरत प्रहरी जवान ज्ञान बहादुर बस्नेत फाल्गुन महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन् ।


प्रहरी जवान अशोक राई


प्रहरी जवान ज्ञान बहादुर बस्नेत

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुऱ्याउनुको साथै कर्तव्य ज्यान, अपहरण गरी शरीर बन्धक जस्ता जघन्य प्रकृतिका अपराध गरी वारदात पश्चात फरार रहेका प्रतिवादीहरु, चोरी पैठारी तथा प्रतिबन्धित लागु औषध कारोबारी लगायत विभिन्न अपराधिक घटनामा संलग्न व्यक्तिहरुलाई पक्राउ तथा कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै आम नागरिकहरुमा सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले राई र बस्नेतलाई उनीहरुले गरेको उत्कृष्ट कार्यसम्पादनको उच्च मुल्याङकन गर्दै २०७७ साल फागुन "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषणा गरिएको हो ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ ।

सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय 'क' स्तर सम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ ।

# तेस्रो वार्षिक उत्सव सम्पन्न

सुनसरी। आसरा सुधार केन्द्र पानवारी धरानको तेश्रो बार्षीकोत्सव तथा पहिलो साधारण सभा भव्यताका साथ सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथी नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती सिर्जना थापाले पानसमा दिप प्रज्वलन गरी बिधिवत रुपमा समुद्धघान गर्नु भएको थियो ।

आसरा सुधार केन्द्र धरानको प्राङ्गणमा सम्पन्न उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुदै संघकी अध्यक्ष श्रीमती सिर्जना थापाले दुर्व्यसनीमा फसेका युवा पीढीलाई उपचार, परामर्श तथा पुन:स्थापना मार्फत पुर्नजीवन प्रदान गरी समाजको एक प्रतिष्ठित नागरिकको रुपमा पुन:स्थापना गर्ने कार्य गर्दै आएको आसरा सुधार केन्द्रले आगामी दिनमा थप ब्यवस्थित तरिकाले प्रभावकारी रुपमा अगाडी बढ्नु पर्ने बताए ।

सोही कार्यक्रममा प्रमुख अतिथी श्रीमती सिर्जना थापाले केन्द्रमा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारी तथा केन्द्रका पुर्व व्यवस्थापक पुर्व प्रहरी नायव उपरिक्षक रामजी कट्वाललाई प्रशंसा पत्रले सम्मान गर्नु भएको थियो ।

कार्यक्रममा धरान उप-महानगरपालिकाका मेयर तिलक राई, सुनसरीका प्रमुख जिल्ला अधिकारी उमेश ढकाल, आसरा सुधार केन्द्र धरानका मानार्थ सदस्य प्रदिप मेयाङबोले शुभकामना मन्तब्य राख्नु भएको थियो ।

सोही कार्यक्रममा आसरा सुधार केन्द्रले बार्षिकोत्सबको अबसरमा आयोजना गरेको बिभिन्न खेलकुद बिधामा उत्कृष्ट भएका प्रशिक्षार्थीहरुलाई नेपाल प्रहरी श्रीमती संघकी महासचिव श्रीमती बबिता पाल तथा १ नम्बर प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती श्रृजना थापा कार्कीले पुरस्कार प्रदान गर्नु भएको थियो ।

आसरा सुधार केन्द्रका अध्यक्ष प्रहरी बरिष्ठ उपरिक्षक राजेन्द्र प्रसाद चौधरीको सभापतित्वमा सम्पन्न तेश्रो बार्षिकोत्सवको अवसरमा प्रशिक्षार्थीहरुबाट गायन, नृत्य तथा कविता बाचन समेत भएको थियो ।

कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघ, प्रदेश प्रहरी श्रीमती संघका पदाधिकारीहरु, संचालक समितीका पदाधिकारीहरु, केन्द्रका आजिवन सदस्यहरु, स्थानिय जनप्रतिनीधीहरु, सुरक्षा निकायका पदाधिकारीहरु र प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

# एक सय बीस बोरा धान बरामद

बिराटनगर। भारतवाट नेपाल तर्फ ल्याउँदै गरेको ५० केजी दरको १ सय २० बोरा धान प्रहरीले बरामद गरेको छ ।

जिल्ला मोरङ जहदा गाउँपालिका वडा नं.५, ६ को विचमा नेपाल भारत सिमानाको दश गजा स्थित डुमरिया चोक नजिक भारतबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी जुटको बोरामा प्याक गरी सडक बाटो छेउमा वेवारिसे अवस्थामा राखिएको सो धान बरामद गरिएको हो ।

५० केजी दरको १२० बोरा अन्दाजी १ लाख ८० हजार बराबरको धान तथा ५ थान साईकल समेत जिल्ला प्रहरी कार्यलय मोरङबाट खटिएको प्रहरी टोलीले फेला पारी जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको छ ।

# लागु औषध सहित २ भारतीय पक्राउ

सुनसरी। सुनसरीको धरानबाट मंगलबार लागूऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत दार्जिलिङ बस्ने ३१ बर्षीय बिशन घले र उनको श्रीमती २२ बर्षीया पुन्य तामाङ रहेका छन् । उनिहरुलाई धरान भानुचौक स्थित रहेको तेह्रथुम होटल एण्ड लजको १०६ नम्बर कोठाबाट लागूऔषध ब्राउन सुगर ६ ग्राम ८० मिलिग्राम सहित पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

पक्राउ परेका उपर थप अनुसन्धान भईरहेको सो कार्यालयले जनाएको छ ।

# लागुऔषध ब्राउनसुगर सहित १ जना पक्राउ

झापा। झापा बिर्तामोड नगरपालिका वडा नं. ३ का २१ बर्षीय मानव राजबंशीलाई लागूऔषध ब्राउन सगुर सहित पक्राउ गरिएको छ।

बुधबार लागूऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर वडा नं. ६ स्थित मेची खोलाबाट राजबशींलाई लागूऔषध ब्राउन सुगर १ ग्राम ५ सय मिलिग्राम सहित पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय काकडभिट्टा झापाले जनाएको छ ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दुग्ध विकास संस्थान परिवार
कन्चनवारी बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
NEURO CARDIO MULTISPECIALITY
HOSPITAL PVT.LTD. BIRATNAGAR

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मदर टेरेसा इग्लीस बोर्डिङ स्कूल
परिवार बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मार्टस मेमोरियल माध्यमिक
विद्यालय परिवार बिराटनर

NO SMOKING

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लाईफ गार्ड हस्पिटल
परिवार बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोल्डेन हस्पिटल परिवार
हस्पिटल चौक बिराटनर

कर तिरौ, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौं । सामान किनौ गतिलो ठानेर बिल मागौ अधिकार ठानेर ।
नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर